नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २३२ २०७७ साल असार २५ गते बिहीबार (9 July 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वत: बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : माइक्रोबाइलोजी पढेर ... ३ पृष्ठमा : 'कोरोना समुदायमा ... ३ पृष्ठमा : अमेरिका डब्लुएचओबाट ...

# प्रम ओलीको समर्थनमा गर्न लागिएको कार्यक्रम आफ्नै पार्टीका नेता कार्यकर्ताबाट बिथोलियो



**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

प्रधानमन्त्री केपी शर्मा ओलीको समर्थनमा बुधबार राजविराजमा गर्न लागिएको कार्यक्रम आफ्नै पार्टीका नेता कार्यकर्ताबाट बिथोलिएको छ ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको केन्द्रमा चलिआएको आन्तरिक विवादको प्रभाव बुधबार सप्तरीमा पनि देखियो ।

प्रम ओलीको समर्थनमा एउटै पार्टीका एकपक्षले कार्यक्रम गर्न खोज्दा सोही पार्टीका अर्को पक्षले बिथोलिएपछि विवाद सतहमा देखिएको हो ।

प्रमको समर्थनमा एक पक्षले कार्यक्रम गर्ने र अर्को पक्षले समन्वय नै नगरि कार्यक्रम गरेको भन्दै केही बेर घम्साघम्सी परेपछि माहौल तनावग्रस्त बन्दै जाँदा स्थितिलाई नियन्त्रणमा लिन प्रहरी नै परिचालन गर्नु परेको थियो ।

तत्कालिन एमालेका तर्फबाट राजविराज नगरपालिकाका मेयर पदका प्रत्यासी हाल नेकपा प्रदेश २ का सदस्य सुखराम यादव, नेता अशोक यादव, अखिलेश झाल, दुर्गानन्द ठाकुर लगायतले बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीको समर्थन तथा पार्टी एकता कायम राख्नका लागि भन्दै जुलुस निकाल्ने तयारी गरेका थिए। सोका लागि स्थानिय शिवमन्दिर प्राङणमा नेता तथा कार्यकर्ताहरु जम्मा भएका थिए ।

तर, अर्को पक्षले पार्टीभित्र कुनै छलफल नै नगरि एकपक्षिय ढंगले जुलुस निकाल्ने तयारी गरिएकाले बिरोध जनाएको बताएका छन् । पूर्वमन्त्री समेत रहेका नेकपाका नेता उमेश यादवले पार्टी नीति निर्देशन विपरीत मनपरी ढंगले कार्यक्रम गर्न लागेकाले रोकिएको बताए । उनले जिल्ला कमिटीका अध्यक्ष र सचिव दुबैको अनुपस्थितिमा हुन लागेको कार्यक्रमलाई पार्टीको आधिकारीक कार्यक्रम भन्न

*बाँकी अन्तिम पृष्ठमा*

# सप्तरीमा संक्रमितको संख्या ३ सय २८, निको हुनेको संख्या १ सय ७६

## संक्रमित मध्ये २५ जना भारतबाहेक अन्य मुलुकबाट

**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

सप्तरीमा बुधबार थप ४ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या ३ सय २८ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक सप्तरीको बोदेबसाईन नगरपालिकास्थित क्वारेन्टाइन केन्द्रमा रहेका चार जनामा कोरोना पोजेटिभ भेटिएको स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यसैबीच अहिले सप्तरीमा पुष्टि भएका कोरोना संक्रमित मध्येबाट २५ जना भारतबाहेक अन्य मुलुकबाट आएकाहरु रहेको स्वास्थ्य प्रमुख यादवले बताए ।

यता बुधबारै थप २७ जना कोरोनाबाट निको भई घर फर्किएका छन् । योसँगै जिल्लामा निको हुनेको संख्या १ सय ७६ पुगेको स्वास्थ्य प्रमुख यादवले बताए ।

बाँकी रहेकाहरुको हाल राजविराजस्थित साईकृष्णा आइसोलेशन कक्षमा उपचार भइरहेको छ । सुरुमा १ सय ३ वेड

*बाँकी तीन पृष्ठमा*

# सार्वजनिक यातायात चलाउन माँग गर्दै मजदुर उत्रे सडकमा




**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

सप्तरीमा कार्यरत सार्वजनिक यातायात मजदुरहरुले यातायात संचालनको माँग गर्दै बुधबार राजविराजमा प्रदर्शन गरेका छन् ।

सत्तारुढ दल समर्थित नेपाल यातायात स्वतन्त्र मजदुरु संगठन नगर कमिटि तथा अखिल नेपाल विद्युतीय रिक्सा, अटो, टेम्पु मजदुर संघ सप्तरीको संयुक्त अगुवाईमा यातायात मजदुरहरुले सो प्रदर्शन गरेका हुन् ।

बिरोध प्रदर्शनका क्रममा की ज्यान मार, की काम गरेर खान देउ सरकार, निजि जस्तै सार्वजनिक यातायात संचालन गर, मजदुरलाई हातखुट्टा बाँधेर राख्न पाइदैन, निजिले सार्दैन सार्वजनिक सवारीसाधनले कसरी कोरोना सार्छ सरकार लगायतका नारासहितको प्लेकार्ड लिएर मजदुरहरुले बजार क्षेत्र परिक्रमा गरेका थिए ।

प्रदर्शन पश्चात् उनीहरु प्रमुख जिल्ला अधिकारी शंकर आचार्यमार्फत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय तथा राजविराज नगरपालिकालाई ज्ञापनपत्र बुझाएका छन् ।

पठाइएको ज्ञापनपत्रमा विगत चार महिनादेखी सार्वजनिक यातायात नचल्दा यातायात मजदुर र आश्रित परिवारलाई हातमुख जोड्ने समस्या भएको उल्लेख गर्दै निजि जस्तै सार्वजनिक यातायात पनि तत्काल खोल्न अनुमति दिनु पर्ने माँग गरिएको छ ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन नगर कमिटि राजविराजका अध्यक्ष भोलाप्रसाद यादवले भने, सरकारले बन्दाबन्दी लागु गरेको चार महिनादेखी बेरोजगार भई घरमै सीमित हुनुपरेकोले अहिले पनि काम नगरे के खाने प्रश्न गरे ।

बिरोध प्रदर्शनपछि आयोजित कोणसभालाई सम्बोधन गर्दै अखिल नेपाल ट्रेड युनियन महासंघ प्रदेश २ का महासचिव केदार देव,

*बाँकी तीन पृष्ठमा*

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

**जिल्ला प्रशासन कार्यालयको सूचना**

जल तथा मौसम विज्ञान विभाग (बाढी पूर्वानुमान महाशाखा) को मिति २०७७/०३/२२ गते बिहान ७ बजेको बाढी पूर्वानुमान बुलेटिनबाट सूचना प्राप्त भए अनुसार आगामी असार २५ गतेदेखि देशैभरमा मनसुन सक्रिय देखिएको र यसबाट नदीको बहाव बढ्ने, असार २६ गतेदेखि २९ गतेसम्म कनकाइ नदी, कोशी नदी, कमला नदी, बागमती नदी, नारायणी नदी र यसको साहायक नदी लगायत प्रदेश नं. १ र २ को चुरे र तराईबाट बहने प्रायः सबै नदीको बहावले शतर्कता पार गरी खतरा तह आसपास पुग्न सक्ने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुवान समेत हुने सम्भावना रहेकोले सम्भावित उच्च जोखिमको सामना गर्न पूर्व तयारीलाई प्राथमिकता दिनका साथै सो अवधिभर स्थिति सामान्य नहुञ्जेलसम्म नदी तटीय क्षेत्रमा निर्माण कार्य नगर्न हुन, नदी किनारामा नजान र आवश्यक शतर्कता कायम गर्न हुन समेत सर्वसाधारण लगायत सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
Best Remit
City Express Money Transfer
IME pay
MoneyGram money transfer

## सम्पादकीय

### तेश्रो मुलुकबाट आउनेहरुको स्वास्थ्य परिक्षणमा गम्भिर बन्

कोरोना भाइरसको महामारीमा अहिले सम्पूर्ण विश्व त्रसित रहेको बेला नेपालमा यसबाट अछुतो रहेको छैन् । नेपालमा अहिले दिनानुदिन कोरोना भाइरसका संक्रमितको संख्या बढ्दै गएको छ । यता कोरोना भाइरसको त्रासका कारण तीन महिना बढी समयदेखी बन्द रहेको अन्तराष्ट्रिय हवाई सेवा सूचारु भइसकेको छ । यस अवस्थामा भारतबाहेक तेश्रो मुलुकबाट आउने नेपालीहरुमा समेत संक्रमण हुन सक्ने आंशकालाई नकार्न सकिदैन् । यसका लागि अन्तराष्ट्रिय विमानस्थलमा सम्पूर्ण यात्रुहरुको राम्रो सँग स्क्रीनिङ गर्न जरुरी छ । हुन त उनीहरुलाई आउने बित्तिकै स्वारेन्टाइनमा राख्ने र पछि सम्बन्धीत जिल्लाको क्वारेन्टाइनमा पठाइने नेपाल सरकारले मिलाएको छ । यस अवधीमा उनीहरुको राम्रोसँग स्वास्थ्य परिक्षण गर्न अति आवश्यक छ ।

यता विदेशबाट आएकाहरु आफ्नो मातहातका जिल्लाहरुमा क्वारेन्टाइनमा बस्दै आइरहेका छन् । सप्तरीको परिवेशमा भने विदेशबाट आउनेहरुमा समेत कोरोना पोजेटिभ भेटिएको छ । विगत १५ दिनको अवधीमा सप्तरीमा विदेशबाट आएका मध्येबाट २५ जनामा कोरोना पोजेटिभ पाइएको छ । यस्ता विषयमा सम्बन्धीत निकायको गम्भिर ध्यान पुग्नु पर्ने हो तर, यस्तो केही देखिदैन् । जब कुनै यात्रु बिदेशबाट आउछ भने उनीहरुको विदेशमै स्वास्थ्य परिक्षण गर्नु पर्ने हो तर, त्यसो गरिएको देखिदैन् । त्यहाबाट आएर नेपालको एयरपोर्टमा पनि स्वास्थ्य परिक्षण हुनु पर्ने हो तर, त्यहाबाट पनि निस्केर जिल्लाको मातहतका क्वारेन्टाइनमा राखिएपछि स्वाब परिक्षणबाट उनीहरु संक्रमित भएको पुष्टि हुन्छ । के यसरी स्वास्थ्य जस्तो संवेदनशिल विषयमा विदेशबाटै हेलचक्राई हुँदै आएको हो की यसमा दोषि को ?

भारतबाट आउने व्यक्तिहरुको परिक्षण पश्चात् अब तेश्रो मुलुकबाट आउने व्यक्तिहरुको कोरोना परिक्षण अति आवश्यक रहेको छ । तसर्थ यस्ता विषयमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायले गम्भिरतापूवर्क लाग्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# माइक्रोबाइलोजी पढेर अनुमतिपत्र नपाएपछि बेरोजगार

काठमाडौं, २४ असार (रासस) ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले मेडिकल माइक्रोवाइलोजीको अनुमतिपत्र नखुलाउँदा सयौं विद्यार्थी समस्यामा परेका छन् ।

परिषद्ले २०६८ सालदेखि अनुमतिपत्र नखुलाउँदा सयौँ विद्यार्थी मुलुकमा नै बेरोजगार भएपछि विदेशिनु परेको छ । स्नातकोत्तर तह उर्तीण गरेका विद्यार्थीलाई माइक्रोवाइलोजी अनुमतिपत्र दिएपछि मात्र प्रयोगशालामा काम गर्ने गर्दछन् । तर परिषद्ले अहिलेसम्म अनुमतिपत्र नखुलाउँदा प्रयोशगालामा काम गर्ने दक्षजनशक्तिले काम पाएका छैनन् ।

रषद्ले एक पटक मात्र अस्थायी अनुमतिपत्र खुलाए पनि त्यसपछि खुलाएको छैन । त्यो अस्थायी अनुमतिपत्र पनि नवीकरण भएको छैन । त्यतिबेला ११६ जनालाई अस्थायी अनुमतिपत्र दिएको थियो । विद्यार्थीले अनुमतिपत्र खुलाउनका लागि पटक-पटक परिषद्सँग आग्रह गरे पनि खुलाउन माग गर्दै पीडित विद्यार्थीले माइक्रोवाइलोजी सङ्घर्ष समिति गठन गरेका छन् ।

समितिका सञ्जीव घितालले अध्ययन गरे पनि अनुमतिपत्र नभएपछि आफ्नै देशमा सेवा गर्न नपाएको गुनासो गर्नुभयो । "अनुमतिपत्र खुलाउन माग गर्नका लागि हामीले पटक-पटक परिषद्सँग आग्रह गऱ्यौ," उहाँले भन्नुभयो, "तर अहिलेसम्म खुलाएका छैनन् । हामीले काम गर्ने अवसर पाएका छैनौँ । पढेको खेर गइरहेको छ ।" उहाँले २०७१ सालमा माइक्रोवाइलोजीमा स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएको हो । उहाँजस्तै करिब दुई हजार ५०० विद्यार्थीले अनुमतिपत्र नपाएर बेरोजगार भएका छन् ।

उहाँले आफूहरुले कोरोना सम्बन्धी अध्ययन गरेपनि मुलुकमा महामारी आउँदा पनि अनुमतिपत्र नभएपछि कोभिड-१९ को पिसिआर परीक्षण गर्ने काम नपाएको गुनासो गर्नुभयो । त्रिभुवन विश्वविद्यालय केन्द्रीय माइक्रोवाइलोजी विभागका प्रमुख डा मेघराज वञ्जाराले परिषद्कै मापदण्डअनुसार आफूहले विद्यार्थीलाई पढाए पनि अनुमतिपत्र नपाउँदा सेवा गर्ने अवसर नपाएको बताउनुभयो ।

उहाँले अनुमति पत्र नपाउँदा कोभिड-१९ को बेला प्रयोगशालमा यहाँ पढेका जनशक्तिले काम नपाएको गुनासो गर्नुभयो । "हामीले ती जनशक्तिलाई कोरोना सम्बन्धी अध्ययनसमेत गराएका छौँ",उहाँले भन्नुभयो,"मुलुकमा यस्तो महामारीको बेला पनि उनीहरुले सेवा गर्न पाएका छैनन् । यो विडम्बना हो ।"

उहाँले नेपालमा सेवा गर्न नपाएपछि आफुहरुले उत्पादन गरेका जनशक्ति अमेरिका, बेलायत जस्ता ठाउँका प्रयोगशालामा काम गरिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार अनुमतिपत्र नपाउँदा दुई हजार जनशक्ति विदेश पलायन भएका छन् । नेपालमा वर्षेनि १५० जना प्रयोगशालामा काम गर्ने माइक्रोवाइलोजी पढेका जनशक्ति उत्पादन हुँदै आएका छन् ।

विभागले परिषद्लाई माइक्रोवाइलोजीको कक्षा कोठाको अनुगमनका लागि ८० हजार बुझाए पनि अहिलेसम्म अनुगमन नगरेको विभागका प्रमुख डा वञ्जाराले बताउनुभयो । उहाँले अनुमतिपत्रको समस्याका बारेमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र त्रिविका पदाधिकारीलाईसमेत जानकारी गराइसकेको बताउनुभयो ।

परिषद्का रजिष्ट्रार पुष्पराज खनालले परिषद्मा शैक्षिक संस्था दर्ता नभएकोले अनुमतिपत्र नदिएको प्रष्ट पार्नुभयो ।

"परिषद्को ऐनले परिषद्मा दर्ता भएका संस्थाका जनशक्तिलाई मात्र अनुमतिपत्र दिने भनेको छ" उहाँले भन्नुभयो, "हामीले त्यही अनुसार अनुमतिपत्र दिने हौँ । उनीहरु परिषद्मा दर्ता नभएकाले अनुमतिपत्र नपाएका हुन ।"उहाँले सम्बन्धित सरोकारवाला पक्षसहित उच्चस्तरीय सयन्त्र बसेर अनुमति पत्रबारे निकास निकाल्नुपर्ने बताउनुभयो ।

# तङ्ग्रिँदै औषधि लिमिटेड

काठमाडौं, २४ असार (रासस) ।

आठ वर्ष बन्द रहेर उत्पादन थालेको नेपाल औषधि लिमिटेड अहिले विस्तारै तङ्ग्रिँन थालेको छ । लिमिटेडले अहिले विभिन्न सात प्रकारका औषधि उत्पादन गरेर बिक्री-वितरण थालेसँगै यसको पुरानो पहिचानलाई पुनः स्थापित गराउन खोज्दैछ ।

विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार औषधि बनाउने ठाउँको आचारसंहिताको कारणले आर्थिक वर्ष २०६७/६८ बन्द भएको लिमिटेडका उत्पादन २०७४ सालदेखि पुनः सञ्चालन भएको थियो । औषधि व्यवस्था विभागले औषधि उत्पादन गर्ने ठाउँको आचारसंहिता पालना नगरेको भन्दै लिमिडेटले उत्पादन गर्न अनुमति दिएका सबै औषधिको अनुमति पत्र रद्द गरेको थियो ।

लिमिटेडका निमित्त महाप्रबन्धक विजय श्रीरत्न वज्राचार्यले आचारसंहिताको मापदण्ड पूरा गरेर पुनः औषधि उत्पादन गर्न थालिएको जानकारी दिनुभयो । उहाँले आचारसंहिताअनुसार जीवन जल युनिट र ट्याबलेट युनिट बनाएर औषधि उत्पादन सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार अहिले सिटामोल, सिटामोल प्लस, जीवनजल ( साधारण), जीवनजल (सुन्तला), सानिटाइजर, गिल्सिरिन र डिस्टिल वाटर उत्पादन गर्दै आइरहेको छ । "अहिले हामी आचारसंहिता मापदण्ड पालना गरेर सात प्रकारका औषधि उत्पादन गरेका छौँ", उहाँले भन्नुभयो, "थप औषधि उत्पादनका लागि विभागसँग प्रस्ताव पेस गरेका छौँ ।"

नयाँ क्याप्सुल र हेमो डाइलोसिस युनिट स्थापना गरी आउने आर्थिक वर्षमा ठोस योजना बनाएर अन्य औषधि उत्पादन गर्ने लिमिटेडको तयारी रहेको छ । विसं २०७४ वैशाखमा जीवनजल र फागुनमा सिटामोल ट्याबलेट उत्पादन सुरु गरेको हो । बन्द भएपछि अन्य औषधि उत्पादन गर्न नपाएपनि लिमिटेडले डिस्टिल वाटर र गिस्लिरिनमात्र उत्पादन गर्दै आइरहेको थियो ।

विसं २०२९ मा सरकारको पूर्ण स्वामित्वमा सर्वसुलभ र गुणस्तरीय औषधि उत्पादन गर्नका लागि लिमिटेड स्थापना गरिएको थियो । पुरानै मेशिन र संरचनामा उत्पादन गरेपछि विभागले लिमिटेडका औषधिको उत्पादनका लागि नवीकरण गरेको थिएन । लिमिटेडले मात्र औषधि उत्पादन गरेको बेला निजी कम्पनीले भने उत्पादन गरेका थिएनन् ।

विसं २०४० पछि मात्र निजी कम्पनीले औषधि उत्पादन गर्न थालेका हुन् । "हामी अहिले उत्पादन गरेका औषधि हाम्रा बिक्रेताका कहाँ पुऱ्याएका छौँ । उनीहरूबाट पनि हामीले राम्रो प्रतिक्रिया पाएका छौँ", उहाँले भन्नुभयो, "हामी अबको पाँच वर्षमा पहिल्यकै अवस्थामा लिमिटेडका औषधि उत्पादन गर्दछौँ ।" लिमिटेडले बन्द हुनुभन्दा अगाडि १२२ प्रकारका 'जीवन बचाउन अत्यावश्यक औषधि' उत्पादन गर्दै आइरहेको थियो ।

उहाँका अनुसार लिमिटेडले औषधि उत्पादनका लागि सिभर, ग्रान्ड लेटर, ड्रायर, पन्चिङ, फिलिङ स्ट्रपिङ मेशिन ल्याइएको छ । "कतिपय औषधि पुराना नचल्ने खालका रहेकाले ती औषधिको उत्पादन हामी गर्दैनौँ", उहाँले भन्नुभयो, "नयाँ बजारमा प्रतिस्पर्धा गर्ने खालका औषधि उत्पादनमा जोड दिन्छौँ ।" त्यतिबेला लिमिटेडले ट्याबलेट, क्याप्सुल, तरल, मल्हम, हेमोडाइलोसिस फ्लुडजस्ता औषधि उत्पादन गर्दै आएको थियो । लिमिटेडले अहिले कोभिड-१९ को बेला स्यानिटाइजरको उत्पादन सुरु गरेको छ । लिमिटेडका उत्पादन गरेको स्यानिटाइजर सबै सरकारी कार्यालयले प्रयोग गरिरहेका छन् ।

निमित्त महाप्रबन्धक वज्राचार्यले अन्यले उत्पादन गरेको भन्दा ८० प्रतिशत इथाइन अल्कोहल रहेको स्यानिटाइजर करीब २२ हजार लिटर उत्पादन गरेको बताउनुभयो । उहाँले लिमिटेडले उत्पादन गरेको स्यानिटाइजरको प्रयोग बढेपछि आफूहरू उत्साहित भएर अन्य औषधिको उत्पादनलाई पनि चाँडै सुरु गर्ने बताउनुभयो ।

सरकारले औषधिको बजार मूल्य नियन्त्रण गर्न र गुणस्तरीय औषधि उत्पादन गर्नका लागि लिमिटेड स्थापना गरेको हो । औषधिको उत्पादन बन्द भएपछि सात सयको सङ्ख्यामा रहेका कर्मचारी कटौती गरेर ८४ मा झारिएको लिमिटेडका निमित्त महाप्रबन्धक बज्राचार्यले जानकारी दिनुभयो । बबरमहलस्थित ४३ रोपनीमा फैलिएको लिमिटेडलाई औषधि उत्पादनको उद्योगका रूपमा विकास गरी सर्वसाधारणलाई सस्तो र गुणस्तरीय औषधि पुऱ्याउन आवश्यक देखिएको छ ।

# बन्दाबन्दीमै छापियो साढे तीन लाख अनुमतिपत्र

काठमाडौं, २४ असार (रासस) ।

यातायात व्यवस्था विभागले बन्दाबन्दीमा झण्डै साढे तीन लाख चालक अनुमतिपत्र छापेको छ । चालु आवको अहिलेसम्म साढे छ लाख अनुमतिपत्र छापिएको छ । झण्डै दुई लाख अनुमतिपत्र छपाइ गर्न बाँकी छ । गत पुस मसान्तसम्म नयाँ अनुमतिपत्रका लागि लिइएको परीक्षा उर्तीण र नवीकरणका लागि आएका अनुमतिपत्र छापिएको छ । असार मसान्तभित्रमा थप अनुमतिपत्र छापिन सकिने विभागका महानिर्देशक गोगनबहादुर हमालले बताउनुभयो ।

विभागले बन्दाबन्दीको केही सातासम्म अनुमतिपत्र छपाइको काम ठप्प राखेपनि त्यसपछि आवश्यक स्वास्थ्य सावधानी अपनाएर छापिरहेको छ । बन्दाबन्दीमा वितरण हुन नसकेकामा अहिले यातायात व्यवस्था कार्यालयले अनुमतिपत्र वितरण गरिरहेको छ । संविधानुसार यातायातको जिम्मेवारी प्रदेश सरकारको भएकाले दुई वर्ष पहिले नै यातायात कार्यालय नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो ।

सरकारले पाँच वर्ष पहिले हस्तलिखित अनुमतिपत्र हटाएर स्मार्ट चालक अनुमतिपत्र शुरु गरेको थियो । देशभरका सबै कार्यालयको अनुमतिपत्र विभागले छाप्दै आएको छ । विभागमा अनुमतिपत्र छपाइको चाप भएकाले गतवर्ष सरकारले ठूलो क्षमताको अनुमतिपत्र ( मास प्रिन्टर) किनेको थियो । अहिले पूरानो उपकरण प्रयोग नभएर मास प्रिन्टरबाटै छपाइ भइरहेको छ ।

# ‘कोरोना समुदायमा आउन सक्छ’

काठमाडौँ, २४ असार (रासस) ।

सरकारले कोरोना भाइरस समुदायस्तरमा फैलने जोखिम अधिक रहे पनि हालसम्म समुदायस्तरमा कोरोनाको सङ्क्रमण फैलिइनसकेको जनाएको छ । इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले छिट्फुट रूपमा देखिए पनि समुदायमा कोरोना नफैलिएको बताउनुहुन्छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा मंगलबार आयोजित नियमित ‘प्रेस ब्रिफिङ’का क्रममा उहाँले भन्नुभयो, “यदि समुदायमा कोरोना फैलिएको भए महिला र पुरुषमा समान रूपमा देखिनुपर्थ्यो । त्यो भएको छैन । तीन प्रतिशत सङ्क्रमित बाहिरबाट नआएका व्यक्तिमा देखिएको भए पनि क्वारेन्टिनमा बसेको व्यक्तिसँग कुनै न कुनै प्रकारको ‘लिङ्क’ भएको पाइएको छ ।” उहाँले भन्नुभयो, “कोरोना भाइरस समुदायमा आउन सक्छ, योसँगसँगै जानुपर्ने हुन सक्छ, तर अहिलेसम्म समुदायसम्म कोरोना भाइरस पुगिसकेको होइन ।”

समुदायस्तरमा कोरोना फैलिएको छ/छैन भन्नेमा धेरै प्रश्न उठ्ने गरेको भन्दै उहाँले अधिकांश सङ्क्रमित विदेशबाट आएको व्यक्ति भएको बताउनुभयो । “आफ्नै अहिलेसम्म ८७ प्रतिशत सङ्क्रमित पुरुष छन् । उहाँहरू पनि १५ देखि ५४ वर्ष सम्मका हुनुहुन्छ । उहाँहरू श्रम गर्न अन्य देश जानुभएको थियो । विदेशमा श्रम गर्न जाँदा उहाँहरूमा कोरोना सङ्क्रमण भएको हो”, निर्देशक पाण्डेले भन्नुभयो ।

काठमाडौँ उपत्यकामा २६७ जनामा कोरोना पुष्टि भएको जानकारी दिँदै उहाँले सङ्क्रमितको स्रोत पत्ता लगाउने गरी खोजपड्ताल भइरहेको बताउनुभयो । “सङ्क्रमितले आफ्नो ठेगाना काठमाडौँ राखेको महाशाखाको रेकर्डमा छ । त्यसमध्ये १७५ काठमाडौँका, ४१ ललितपुर र ४३ जना भक्तपुरका हुनुहुन्छ, यीमध्ये ७९ जना विदेशबाट उद्धार गरी ल्याइएको हुनुहुन्छ”, उहाँले भन्नुभयो ।

**कसरी बढे काठमाडौँमा सङ्क्रमित**

विदेशबाट आउने, लुकिछिपी उपत्यका प्रवेश गर्ने र उपचारका लागि अस्पतालमा आउने व्यक्तिबाट उपत्यकामा सङ्क्रमण बढेको उहाँले बताउनुभयो । विदेशमा अलपत्र परेको नागरिकको उद्धार गरिँदा उपत्यकामा केही सङ्क्रमण बढ्न गएको महाशाखाको ठम्याइ छ । विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार सम्बन्धित मुलुकले पिसिआर परीक्षण गरेर नपठाउँदा विदेशबाट आउनेमा सङ्क्रमण देखिएको उहाँको भनाइ छ । विदेशबाट उद्धार गरी ल्याइएका करीब १७ हजार व्यक्तिमध्ये ३५ प्रतिशतले पिसिआर, ३५ प्रतिशतले आरडिटी विधिबाट परीक्षण गरेको र बाँकीले कुनै पनि परीक्षण नगरेको पाइएको उहाँले जानकारी दिनुभयो । कोरोनाको लक्षण देखिएको व्यक्ति पनि आएको उहाँको भनाइ छ ।

केही व्यक्तिलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राखिएको हेल्थ डेस्कबाट सिधैँ अस्पताल पठाइएको निर्देशक पाण्डेले बताउनुभयो । खाडीका साउदी अरेबिया, कुवेत, माल्दिभ्सलगायत मुलुकबाट सङ्क्रमित आएको अवस्था छ । आयातीत सङ्क्रमितबाट उपत्यकामा जोखिम बढेको छ/छैन भनेर अध्ययन गर्न विभिन्न १२ स्थानमा नमूना परीक्षण गरिएको उहाँले बताउनुभयो । तीमध्ये नख्खुटोल र तीनकुनेमा २२८ जनाको नमूना परीक्षण गर्दा कसैलाई पनि कोरोना पोजेटिभ नदेखिएको उहाँले जानकारी दिनुभयो । “अन्य नौ ठाउँको पनि नमूना सङ्कलन भइरहेको, एक/दुई दिनमा नतिजा आउँछ, त्यसपछि काठमाडौँको के अवस्था छ भन्ने प्रस्ट हुन्छ”, उहाँले भन्नुभयो । महाशाखाका निर्देशक पाण्डेले नेपालीको रोग प्रतिरोधात्मक क्षमता बढी छ भनेर हेलचेक्र्याइँ नगर्न अपिल गर्नुभयो ।

**‘लक्षणविहीन कोरोना सङ्क्रमित’**

नेपालमा कोरोना सङ्क्रमण भएकामध्ये ९९ प्रतिशत कोरोना सङ्क्रमितमा कुनै पनि लक्षण नदेखिएको पाइएको छ । महाशाखाका निर्देशक पाण्डेले सङ्क्रमित देखिएका झण्डै १६ हजारमध्ये केहीलाई मात्र सामान्य लक्षण देखिएको बताउनुभयो । “अन्य देशको भन्दा फरक के रहेको छ भने नेपालमा ९९ प्रतिशतमा कुनै पनि लक्षण देखिएको छैन”, उहाँले भन्नुभयो, “उहाँहरू सङ्क्रमित हुनुहुन्छ, तर उहाँको लक्षण केही छैन ।”

नेपालमा देखिएको कोरोना सङ्क्रमणमध्ये करीब ९७ प्रतिशत आयातीत रहेको छ । अरू देशबाट आएका छन् । तीमध्ये मंगलबारसम्म आरटी पिसिआर विधिबाट परीक्षण गरिएको दुई लाख ६१ हजारमध्ये सबैभन्दा धेरै प्रदेश नं २ र ५ मा हो भने अहिले सुदूरपश्चिम प्रदेश बढी जोखिममा रहेको देखिन्छ । “अहिलेसम्म हाम्रो स्थिति हेर्दाखेरि वाग्मती र गण्डकी प्रदेशमा छिट्पुट सङ्ख्यामा छ”, उहाँले भन्नुभयो, “अन्य प्रदेशमा ‘क्लष्टर अफ केसेस’ देखिएको छ ।”

# घरेलु मदिरा बरामदपछि नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाबाट प्रहरीले एक हजार लिटर घरेलु मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ बरामद गरेको छ ।

ईलाका प्रहरी कार्यालय पातो र २ नं. प्रदेश प्रहरी कार्यालय जनकपुरको सादा पोसाकका प्रहरी समेतको संयुक्त टोलीले डाक्नेश्वरी १ बाट घरेलु मदिरा भट्टी पसलहरुमा रहेका मदिरा तथा कच्चा पदार्थहरु बरामद गरेको हो ।

प्रहरी टोलीले कच्चा पदार्थसहित घरेलु तयारी मदिरा १ सय लिटर, प्लाष्टिकका भाडाहरु १५ थान र मदिरा बनाउने मेशिन ५ थान समेत बरामद गरि नष्ट गरेको जनाएको छ ।

# लागु औषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

प्रहरीले लागु औषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

सप्तरीको अग्निसाईर कृष्णासावरण गाउँपालिका १ जन्डोलमा लागुऔषधसहित तिरहुत गाउँपालिका ५ लोहजराका २२ वर्षिय बिनोद मेहता र अग्निसाईर कृष्णासावरण गाउँपालिका १ जन्डोल बस्ने ३२ वर्षिय शिखर गुप्तालाई पक्राउ गरेको जनाएको छ ।

गस्ती टोलिले विशेष सुचनाको आधारमा मोटरसाइकलमा ल्याउँदै गरेको डाईलेक्स नामक लागुऔषध १०० एम.एल. को १० बोतल सहित उनीहरुलाई पक्राउ गरेको जनाउको छ ।

## *सप्तरीमा संक्रमितको ...*

रहेको सो आइसोलेशन कक्षमा ७५ वटा वेड थप गरि हाल १ सय ७८ वेड बनाइएको प्रमुख यादवले बताए ।

यसै गरि बुधबारसम्म भारतबाहेक अन्य मुलुकका गरि ३ सय १ जना जिल्ला भरिका क्वारेन्टाइन केन्द्रहरुमा रहेको उनले जानकारी दिए । जसमध्ये अधिकांशको स्वाब संकलन समेत भइसकेको उनको भनाई छ ।

## *सार्वजनिक यातायात ...*

अखिल नेपाल विद्युतीय रिक्सा, टेम्पु, अटो मजदुर संघका जिल्ला अध्यक्ष बिजेन्द्र देव, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन नगर कमिटिका अध्यक्ष भोलाप्रसाद यादवलगायतले सात दिन भित्र सरकारले सार्वजनिक यातायात संचालनमा ल्याउने अनुमति नदिए सडकमा गुड्ने अन्य निजि सवारीसाधनलाई समेत बन्द गराउनुका साथै सशक्त आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गर्ने घोषणा गरेका थिए ।

सरकारले गत चैत ११ मा बन्दाबन्दी लागु गरेसँगै देशभरका सार्वजनिक सवारीसाधन ठप्प छन् ।

# रेडिमेड कपडा र साडी बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

प्रहरीले भन्सार छलेका विभिन्न रेडिमेड कपडा र साडी बरामद गरेको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ बनरझुला स्थितमा भारतबाट नेपाल तर्फ भन्सार छली अवैध रुपमा साईकलमा ल्याउदै ४३ हजार ५ सय मुल्य बराबरको उक्त सामानहरु बरामद गरेको जनाएको छ ।

बरामद गरिएको सामानहरुमा सुतीको साडी ६९ थान, कपडा १०० मिटर र कुर्ता सुरुवाल २ थान बरामद गरि भन्सार कार्यालय तिलाठी पठाएको जनाइएको छ ।

त्यस्तै प्रहरीले राजविराजस्थित कुनौली मोडबाट स.१ह. २१२५ नं.टेम्पुमा भारतबाट नेपाल तर्फ ल्याउदै गरको १७ हजार मुल्य बराबरको कपडा बरामद गरी आवश्यक कारवाहीको लागी भन्सार कार्यालय पठाईएको जनाएको छ ।

# भात पकाउने क्रममा करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

सप्तरीको कंचनरुप नगरपालिका ४ जगतपुरमा भात पकाउने क्रममा करेन्ट लागेर घाइते भएकी एक महिलाको मृत्यु भएको छ ।

स्थानिय २३ वर्षिया लिलम चौधरीले आफ्नै घरमा भात पकाउने क्रममा करेन्ट लागी घाईते भएको प्रहरीले जनाएको छ ।

उनलाई उपचारका लागी धर्मेश्वर अस्पताल ठेलियामा समान्य उपचार पश्चात थप उपचारको लागी राजबिराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याउने क्रममा मृत्यु भएको जनाएको छ ।

"लैङ्गिक तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा नलुकाउः हिंसाबारे बोलौं समाजमा खोलौं ।"
"लैङ्गिक हिंसा मुक्त समाजः निर्माण गरौं सभ्य समाज ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विश्व समाचार

# अमेरिका डब्लुएचओबाट औपचारिक रुपमा बाहिरियो

वासिङ्टन डिसी, २४ असार (रासस/एएनआई) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) बाट अमेरिका औपचारिक रुपमै बाहिरिएको छ । अमेरिकी सञ्चार माध्यमहरुले राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले अमेरिकालाई औपचारिक रुपमै डब्लुएचओबाट अलग गरेको जनाएका छन् ।

संयुक्त राष्ट्रसंघको एउटा अंग मानिने डब्लुएचओका बारेमा राष्ट्रपति ट्रम्पले यसअघि नै पटक पटक आलोचना गर्दै आफ्नो देश अलग हुने घोषणा गर्नुभएको थियो । उहाँले विश्वभरी कोरोनाभाइरसको नियन्त्रण तथा न्यूनीकरणका लागि प्रभावकारी र सन्तोषजनक भूमिका खेल्न नसकेको भन्दै डब्लुएचओको आलोचना गर्नुभएको थियो ।

राष्ट्रपति ट्रम्पले डब्लुएचओलाई चीनको पक्षमा काम गरेको र अमेरिकालाई बेवास्ता गरेको आरोप पनि लगाउनु भएको थियो । उहाँको आरोप र असन्तुष्टिप्रति अन्य धेरै देशले असहमति जनाएका थिए भने डब्लुएचओबाट अलग हुने घोषणाप्रति चिन्ता व्यक्त गरेका थिए ।

डब्लुएचओबाट अमेरिका बाहिरिने र डब्लुएचओलाई दिँदै आएको सहयोग रोक्ने बारेमा अमेरिकाले औपचारिक रुपमै निर्णय गरेको अमेरिकी राष्ट्रपतिको कार्यालयका अधिकारीहरुले पुष्टि गरेका छन् ।बाहिरिने सम्बन्धी पत्र अमेरिकी अधिकारीहरुले सोमबार नै लागु हुनेगरी राष्ट्रसंघका महासचिवलाई पठाएको पनि समाचारमा जनाइएको छ । अमेरिकी सिनेटको विदेश मामिला समितिका रोबर्ट मेनेन्डेजले सामाजिक सञ्जाल ट्वीटर मार्फत् यस बारेमा जानकारी दिनुभएको थियो ।

# बाढीका कारण जापानमा मृत्यु हुनेको संख्या ५८ पुग्यो

टोकियो, २४ असार (रासस/एपी) ।

बर्षासँगैको विनाशकारी बाढीका कारण जापानमा मृत्यु भएकाहरुको संख्या कम्तीमा ५८ पुगेको छ । बाढीले जापानको दक्षिणी क्षेत्रका सयौँ बस्ती तथा घरहरु डुबानमा परेको र ठूलो क्षती पुर्‍याएको अधिकारीहरुले बुधबार जानकारी दिएका छन् ।

जापानको टेलिभिजन संस्था एनएचकेले प्रसारण गरेको फुटेजमा बाढीबाट प्रभावित क्षेत्रमा बाढीसँगै आएको हिलोले सडकहरु पुरिएका र विद्युत्, सञ्चार, सडकलगायतका सेवामा पनि अबरुद्ध भएको देखाइएको छ ।

प्रभावित क्षेत्रका सयौँ नागरिकहरुलाई सुरक्षित स्थानतर्फ स्थानान्तरण गरिएको छ भने अरु ३६ लाख मानिसलाई पनि अन्यत्र सार्नु पर्ने सुझाव दिएको छ । तीमध्ये आधालाई खाली गर्न थालिसकिएको अधिकारीहरुले जनाएका छन् ।

जापानमा हरेक बर्ष बाढी, पहिरोमा परेर सयौँको मृत्यु हुने गरेको छ । विशेष गरेर वर्षायामको बेलामा यस्ता घटना धेरै हुने गरेका छन् । यसअघि सन् २०१८ मा पनि बाढी पहिरोमा परी दक्षिणी क्षेत्रमा २०० भन्दा धेरैको मृत्यु भएको थियो । ती मध्ये झण्डै आधाको हिरोसिमामा मृत्यु भएको थियो ।

# इथियोपियामा भएको हिंसामा परी मृत्यु भएकाको संख्या २ सय ३९ पुग्यो

अदिस अबाबा, २४ असार (रासस/एएफपी) ।

अफ्रिकी मुलुक इथियोपियामा भएको हिंसात्मक घटनामा परी मृत्यु भएकाहरुको संख्या २३९ पुगेको छ । विभिन्न जातीय समूहका बीचमा अघिल्लो हप्ता भएको हिंसामा परी मृत्यु हुनेहरुको संख्या बढ्दै गएर २३९ पुगेको प्रहरीले जनाएको छ ।

एक जना चर्चित पपगायक हचालु हुन्डेस्साको अघिल्लो हप्ताको सोमबार हत्या भएपछि इथियोपियामा हिंसा भड्किएको हो । हत्याका विरुद्धमा भएको प्रदर्शनका क्रममा अरु थुप्रै घाइते भएका छन् भने लाखौँको भौतिक संरचनाहरुमा पनि प्रदर्शनकारीहरुले क्षति पुर्‍याएका छन् ।

राजधानीसहित देशका विभिन्न ठाउमा प्रदर्शन भइरहेका र उनीहरुले तोडफोड तथा आगजनी गर्ने गरेको प्रहरीले जनाएको छ । सरकारले गायकको हत्याराका दोषी पत्ता लगाइ कारबाही गर्ने प्रतिबद्धता जनाएता पनि प्रदर्शन नरोकिएर हिंसाका घटना भइरहेको जनाइएको छ । हत्यापछि भएका घटनाहरुमा परेर नौ जना प्रहरी, पाँच जना लडाकू र २१५ जना आम नागरिकले जीवन गुमाएका छन्,” एक प्रहरी अधिकारीले बुधबार भने ।

# वर्षाको पानीको निकास नहुँदा डुवान भएको भन्दै प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ सकरपुराकाबासिले वर्षाको पानी निकास नहुँदा दर्जनौं घर, सय विगहा भन्दा बढी धान खेती जग्गा डुवानमा परेको भन्दै बुधबार राजविराजमा प्रदर्शन गरेका छन् ।

गाउँबाट प्रदर्शनसहित राजविराज आइपुगेका उनीहरुले प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यलाई ज्ञापनपत्र बुझाउँदै तत्काल समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका छन् ।

पीडितहरुको तर्फबाट गठित संघर्ष समितिका संयोजक रामलखन साहको अगुवाइमा प्रदर्शन पश्चात् प्रजिअलाई बुझाइएको ज्ञापनपत्रमा वर्षायाम र बाढीका बेला पानी निकासका लागि वर्षौदेखी प्रयोग गरिदै आएको चोरनी खोलाको मुहान गाउँकै एक पक्षले आफ्नो जग्गा हुँदै नजान दिने भन्दै मुहान बन्द गरिदिएपछि आधा दर्जन घर डुवानमा पर्नुका साथै ९२ किसान परिवारको १ सय २५ विगहा धान खेती जग्गा डुवानमा परेको उल्लेख गरिएको छ ।

यस्तै मुहान थुनिदा पानीको उच्च दवावले कुनौली-सकरपुराको १५ फिट बाटोसमेत बगाएको र सर्वसाधारणलाई आवतजावतमा समस्या भएको भन्दै ज्ञापनपत्र मार्फत अविलम्ब थुनिएको मुहान खोल्ने व्यवस्था नगरिए बाध्य भई आन्दोलनमा उत्रिन चेतावनी दिइएको छ ।

## प्रम ओलीको ...

नमिल्ने जिकिर गरे ।

यस्तै नेकपा नेता महेश यादवले जिल्ला नेतृत्व पंक्तिको अनुपस्थितीमा हुन लागेको कार्यक्रम मान्य नरहेको र समन्वय समेत नभएको भन्दै अहिलेको समय पार्टीलाई फुटबाट जोगाउन खबरदारी आवश्यक रहेकोले कसैको समर्थन र कसैको बिरोधमा जुलुस निकाल्ने समय नरहेको बताए ।

# कल्याणपुरमा कन्ट्याक्टलेस हेन्डबाँस जडान



**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

एसएनभि नेपालद्वारा सप्तरीको खडक नगरपालिकाको विभिन्न स्वास्थ संस्थाहरुमा कन्ट्याक्टलेस हेन्डबाँस स्टेशन जडान गरिएको छ ।

बुधवार एक कार्यक्रमबीच खडग नगरपालिका प्रमुख हेमायु हकले हात धोएर कल्याणपुर प्राथमिक स्वास्थ्य केन्द्रको उद्घाटन गरेको छ ।

उक्त अवसरमा खडग नगरपालिका वडा नं ७ का अध्यक्ष राकेश साह, नगरपालिकाका स्वास्थ संयोजक जयकान्त पण्डित लगायतको उपस्थिति रहेको थियो ।

कोरोना महामारीको समयमा यस भाईरसबाट बच्ने विभिन्न माध्यमहरु मध्ये साबुनपानीले हातधुनुको मुख्य भुमिका रहेको र स्वास्थ संस्थाहरुमा आउने सेवाग्राहीहरुबाट हुनसक्ने जोखीमलाई न्युनिकरण गर्न यस हातधुने स्टेशन जडान गरिएको सबल नेपालका परमेश्वर झाले बताए ।








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*